# विशिष्टीकरण तालिका

## कक्षा ४ र ५

## २०७९

| S.N. | Areas | Total working hour | Knowledge | | Understanding | | Application | | Higher ability | | Total number of items | Total number of questions | Total Marks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Number of items | Marks | Number of items | Marks | Number of items | Marks | Number of items | Marks | | | |
| 1. | Geometry | 25 | 1 | 1 | 2 | 2 | 2 | 3 | 1 | 2 | 6 | 2 | 8 |
| 2. | Arithmetic | 60 | 3 | 3 | 3 | 4 | 4 | 7 | 2 | 4 | 12 | 4 | 18 |
| 3. | Mensuration | 35 | 1 | 1 | 2 | 2 | 3 | 5 | 1 | 2 | 7 | 2 | 10 |
| 4. | Statistics | 15 | 1 | 1 | 1 | 2 | 2 | 2 | 1 | 1 | 5 | 2 | 6 |
| 5. | Algebra | 25 | 2 | 2 | 2 | 2 | 2 | 3 | 1 | 1 | 7 | 2 | 8 |
| | | **160** | **8** | **8** | **10** | **12** | **13** | **20** | **6** | **10** | **37** | **12** | **50** |

**द्रष्टव्य** :

- प्रश्नपत्र निर्माण गर्दा प्रत्येक क्षेत्रमा र समग्रमा ज्ञान, बोध, प्रयोग र उच्च दक्षताका लागि तोकिएअनुसारका भार मिलेको हुनुपर्दछ। तर संज्ञानात्मक तहमा २ अङ्कसम्म घटबढ हुन सक्ने छ।
- सन्दर्भ दिएर प्रश्नहरू निर्माण गर्नुपर्नेछ। प्रत्येक प्रश्नमा एकभन्दा बढी संज्ञानात्मक तहका उपप्रश्नहरू समावेश गर्न सकिने छ।
- Application र higher ability तहका प्रश्नहरू निर्माण गर्दा सम्बन्धित क्षेत्रका अलावा अन्य क्षेत्रका विषयवस्तुसँग सम्बन्धित प्रश्नहरू पनि रहन सक्ने छन्।
- हरेक क्षेत्रअन्तर्गत रहेका सबै उपक्षेत्रका विषयवस्तुहरू समानुपातिक रूपमा समावेश हुने गरी प्रश्नहरू निर्माण गर्नुपर्ने छ ।

Curriculum Development centre

## नमुना प्रश्नपत्र (Model question)

**कक्षा : 4** | **पूर्णाङ्क : 50**

**विषय : गणित** | **समय : 2 घण्टा**


1. एउटा रेखाखण्ड AB दिइएको छ । A line segment is given.




(क) प्रोट्याक्टरको सहायताले A र B मा 60°/60° को कोण खिच्नुहोस् । Construct 60° angle at the points A and B by using protractor. [2A]

(ख) A र B मा कोण बनाएका रेखाहरू काटिएको बिन्दुलाई C नामकरण गर्दा बन्ने त्रिभुज ABC का तीनओटा कोणहरू र भुजाहरूको सम्बन्ध कस्तो बन्यो, लेख्नुहोस् । Write the relations of three angles and three sides of triangle ABC formed by intersecting the lines making angles at A and B. [2H]

2. तल एउटा षड्मुखाको आकृति दिइएको छ । A Cuboid is given below.




(क) षड्मुखाको शीर्षबिन्दु कतिओटा हुन्छन् ? How many vertices are in Cuboid. [1K]

(ख) A लाई शीर्षबिन्दु भनिन्छ भने ED लाई के भनिन्छ ? The point A is called vertex then what is called ED? [1U]

(ग) उक्त षड्मुखाको माथिल्लो सतहको नाम लेख्नुहोस् । Write the name of upper surface. [1U]

(घ) उक्त षड्मुखाको किनाराको लम्बाइ कति हुन्छ, नापेर लेख्नुहोस् । Write the length of cuboid edge.[1A]

3. श्रीकृष्ण एउटा कार किन्न कारको बिक्रीकक्षमा गएछन् । उनले किन्न चाहेको कारको मूल्य रु. 2025400 तोकिएको रहेछ । Shreekrishna went to a car showroom. The price of the car which he wants to buy is Rs. 2025400.

(क) 2025400 मा 5 को स्थान र स्थानमान कति हुन्छ, लेख्नुहोस् । Write the place and place value of 5 in 2025400. [2U]

(ख) उक्त कारको मूल्यलाई राष्ट्रिय पद्धतिअनुसार अल्पविराम प्रयोग गरी अङ्कमा लेख्नुहोस् । यसलाई अक्षरमा पनि लेख्नुहोस् । Write the price of the car in digit according to national system by using comma. Also write in word. [2A]

Curriculum Development centre


4. सुशीलले गाँउमा बाखापालन गर्ने सोच बनाएछन् । उनीसँग रु 35,750 छ । उनको गाउँपालिकाले कृषि अनुदान कार्यक्रमअन्तर्गत रु 50,000 सम्म अनुदान दिने नीति बनाएको छ । Sushil thought to goat rearing in his village. He has Rs. 35,750. His village municipality make a policy of agriculture grant up to Rs. 50,000.

(क) गाउँपालिकाले दिने रकमसहित सुशीलसँग जम्मा कति रकम हुन्छ, पत्ता लगाउनुहोस् । Find out the total money which Sushil have including agriculture grant. [1A]

(ख) बाखाका 6 ओटा पाठाहरू किन्न रु 25854 र बाखाको खोर बनाउन रु 42756 खर्च भएछ भने सुशीलसँग अब कति रकम बाँकी रहन्छ ? Sushil spend Rs. 25854 for 6 goat kids and Rs. 42756 for built goat pen then, how much money does he have left? [2A]

(ग) यदि सुशीलले बाखाका 4 ओटा पाठाहरू थप्न चाहे भने उनीलाई कति रकम पुग्दैन ? If Sushil wants add 4 more goat kids then, how much money he need more? [2HA]

5. दायाँको चित्रमा पेम्बाको प्रथम त्रैमासिक परीक्षाको प्राप्ताङ्कलाई छाया पारेर देखाइएको छ । The figure in right side showed Pemba's mark secured in the first terminal exam.



(क) पेम्बाले पाएको प्राप्ताङ्कलाई भिन्नमा लेख्नुहोस् । Write the Pemba's marks in fraction. [1K]


(ख) पेम्बाले पाएको प्राप्ताङ्कलाई दशमलवमा लेख्नुहोस् । Write the Pemba's marks in decimal number. [1U]

(ग) पेम्बाले परीक्षामा कति प्रतिशत अङ्क प्राप्त गरेकी रहिछन् ? How much the percentage did Pemba receive in exam? [1U]

(घ) पेम्बाको साथी रहमानले उक्त परीक्षामा पाएको प्राप्ताङ्क भिन्नमा $\frac{7}{10}$ रहेछ भने कसले बढी पाएको रहेछ, कारण सहित लेख्नुहोस् । Pemba's friend Rahaman receive the marks $\frac{7}{10}$ in fraction then, who receive more marks? write with reason. [2H]

6. (क) 5446 लाई नजिकको दशमा शून्यान्त गर्दा कति हुन्छ, लेख्नुहोस् । Write the rounding off the number 5446 in nearest ten. [1K]

चित्रमा देखाइएको कार्टुनभित्र जम्मा 45 ओटा साबुन अटाउँछन् । The carton shown in the figure has 45 soaps inside it.



(ख) उस्तै 345 ओटा कार्टुनभित्र अट्ने जम्मा साबुनको सङ्ख्या पत्ता लगाउन कुन गणितीय क्रिया गर्नुपर्दछ ? Which mathematical operation is needed to find out the total number of soap in 345 cartons? [1K]

(ग) उस्तै 345 ओटा कार्टुनभित्र जम्मा कति ओटा साबुन अटाउँछन्, पत्ता लगाउनुहोस् । Find the total number of soaps in same 345 cartons? [2A]

7. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् : Write the answer of the following questions.


(क) 1 वर्षमा कति महिना हुन्छ ? How many months are there in a year? [1K]

(ख) 5 मिटरलाई सेन्टिमिटरमा रूपान्तर गर्नुहोस् । Convert 5 meter into centimeter. [1U]

Curriculum Development centre

(ग) 5000 मिलिलिटरलाई लिटरमा रूपान्तर गर्नुहोस् । Convert 5000 milliliters into liter. [1U]

दिइएको चित्रमा प्रत्येक साना कोठाहरू 1 वर्ग से.मि. का छन् । The small box is 1 square centimeter in the given figure.




(घ) लम्बाइ र चौडाइतिरका कोठाहरू गनी पुरै चित्रको क्षेत्रफल र परिमिति कति कति हुन्छ, पत्ता लगाउनुहोस् । Find the area and perimeter of given figure by counting the square boxes in length and breadth? [2A]

8. दिइएको तालिका अध्ययन गर्नुहोस् र तल सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् : Read the following table and answer the given questions.

| क्र.सं SN | सामानको नाम (Particulars) | मूल्य (Price) | करसहितको मूल्य (Price with tax) |
|---|---|---|---|
| 1 | घडी (watch) | 5650 | Rs. 6,384 and 50 paisa |
| 2 | मोबाइल (Mobile) | 15470 | Rs. 17,481 and 10 paisa |
| 3 | हेडफोन (Headphone) | 2500 | Rs. 2825 |

(क) 2 ओटा घडी किन्दा करसहित कति रकम तिर्नुपर्छ ? How much money should pay including tax to buy 2 watches? [1A]

(ख) 3 ओटा मोबाइल र एउटा हेडफोन किन्न करसहित जम्मा कति रकम आवश्यक पर्छ ? How much money needed to buy 3 mobiles and one headphone with tax? [2A]

(ग) यदि तपाईंले घडी, मोबाइल र हेडफोन एक एकओटा किन्नुभयो भने जम्मा कति रुपियाँ करबापत तिर्नुपर्ने हुन्छ, पत्ता लगाउनुहोस् । If you bought one watch, one mobile and one headphone then how much money do you pay for tax in total? [2H]

9. सरस्वती माध्यमिक विद्यालयका ५० जना विद्यार्थीले सहभागिता जनाएको वनभोज कार्यक्रमको आम्दानी र खर्चको विवरण तल तालिकामा दिइएको छ । Information about the income and expenses of 50 students of Sarasowoti secondary school is given in the table below.

| **आम्दानी Income** | | **खर्च Expenses** | |
|---|---|---|---|
| **शीर्षक** | **रकम (रु)** | **शीर्षक** | **रकम (रु)** |
| विद्यार्थीहरूबाट सङ्कलित रकम Collection from students | 40,000 | खाना (Food) | 40,000 |
| विद्यालयबाट सहयोग Grant from school | 25,000 | यातायात (Transportation) | 9,500 |
| | | म्युजिक सिस्टम (Music system) | 3000 |
| | | पेय पदार्थ (Drinks) | 5000 |
| | | विविध (Miscellaneous) | 1500 |
| जम्मा Total | 65,000 | | 59,000 |

Curriculum Development centre

(क) यातायातमा कति रुपियाँ छुट्ट्याइएको छ ? How much money allocated in transportation? [1K]


(ख) वनभोजबाट कति रकम वचत भएको रहेछ, पत्ता लगाउनुहोस् । Find the money saved from the picnic? [1A]

(ग) वनभोजबाट वचत भएको रकम विद्यार्थीहरूलाई दामासाहीले फिर्ता दिने भएछन् । अब एक जना विद्यार्थीको कति रकम वनभोज कार्यक्रममा खर्च भएछ, पत्ता लगाउनुहोस् । The saving money from the picnic was return to the students equally then, find the expenses of each student in picnic? [1HA]

10. श्री जनता माध्यमिक विद्यालयको शैक्षिक बर्ष २०७८ को कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरूको भर्ना विवरणका आधारमा तयार गरिएको स्तम्भचित्र तल दिइएको छ । उक्त स्तम्भचित्रको अवलोकन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् । Given bar diagram is prepared on the basis of information about the student's enrollment of grade 1 to 5 of Shree Janta secondary school in academic year 2078. Observe the bar diagram given below and answer the question.

(क) सबैभन्दा कम विद्यार्थी सङ्ख्या भएको र सबैभन्दा धेरै विद्यार्थी सङ्ख्या भएको कक्षा कुन कुन हुन् ? Which grade has the least number of students and which grade has the most number of students? [2U]

(ख) उक्त विद्यालयमा जम्मा कति जना विद्यार्थीहरू रहेछन् ? How many total students were there in the school? [1A]




Curriculum Development centre

11. खाली कोठामा उपयुक्त शब्द, सङ्ख्या वा चिह्न भर्नुहोस् । Fill in the empty box by suitable word, number and symbol.

(क) $x$ ले बैशाख महिनाका शनिबार पर्ने दिनहरू जनाउँछ भने $x$ लाई □ भनिन्छ ।
$x$ denotes days of Saturday of Baishakh month then x is called □ [1K]

(ख) 5 + 7 = □ [1K]

(ग) □ + 2 = 7 [1U]

(घ) 15 – □ = 6 [1U]

(ङ) 27 □ 3 = 9 [1A]

12. 15 ओटा सुन्तला केही मानिसहरूलाई बराबर हुने गरी बाँड्दा प्रत्येकले 3 ओटाका दरले पाएछन् भने If 15 oranges are distributed to some people then each person received 3 oranges.

(क) कोठा सङ्केतको प्रयोग गरी गणितीय वाक्यमा लेखी कति जना मानिसहरूलाई बाँडिएको रहेछ, पत्ता लगाउनुहोस् । Write the mathematical sentence using box notation and find the number of people to whom the oranges distributed? [2A]

(ख) प्रत्येक मानिसले 5/5 ओटाका दरले पाउन कतिओटा सुन्तला थप गर्नुपर्दछ ? How many oranges should be added if each person received 5 oranges individually? [1HA]

Curriculum Development centre

## नमुना प्रश्नपत्र (Model question)

**कक्षा : 5** **पूर्णाङ्क : 50**


**विषय : गणित** **समय : 2 घण्टा**

सबै प्रश्न अनिवार्य छन् । Attempt all the questions.

1. चित्रमा डाइस र शीर्षबिन्दु O मा बनेका कोणहरू दिइएको छ :

In the figure, dice and the angle formed at the point O are given.






(क) डाइसका कतिओटा कुना र सतह हुन्छन् ? How many corners and the surfaces are on the dice? [1U]


(ख) $\angle AOC$ कस्तो प्रकारको कोण हो ? What type of angle is $\angle AOC$? [1U]

(ग) $\angle AOC$ को नाप बराबरको कोण खिच्नुहोस् । Draw an angle which is equal to the $\angle AOC$. [1A]

(घ) $\angle BOC + \angle BOA$ को नाप $\angle BOD$ को भन्दा कतिले बढी वा कम छ, पत्ता लगाउनुहोस् । By how much is the measurement of $\angle BOC + \angle BOA$ more or less than the measurement of $\angle BOD$? Find it. [2HA]

2. तल वर्गाङ्कित कागजमा एउटा चतुर्भुज दिइएको छ :

A quadrilateral is given below in a square grid.




(क) AB सँग समानान्तर हुने रेखाखण्ड कुन हो ? What is the line segment parallel to AB? [1K]

Curriculum Development centre

(ख) ∠ABC र ∠DAB को नाप कति कति छ ? चाँदको प्रयोग गरी नापेर लेख्नुहोस् । What are the measurement of ∠ABC and ∠DAB? Using the protractor, measure and write it. [2A]

3. काठमाडौँमा एउटा घरको मूल्य रु. 30720485 रहेछ । The price of house in Kathmandu is Rs. 30720485.

(क) उक्त सङ्ख्यालाई राष्ट्रिय पद्धतिअनुसार अल्पविराम (,) को प्रयोग गरी लेख्नुहोस् । Write the number according to national system using comma (,). [1K]

(ख) सङ्ख्या 30720485 लाई अक्षरमा लेख्नुहोस् । Write the number 30720485 into words. [1U]

(ग) दिइएको सङ्ख्यालाई अन्तर्राष्ट्रिय पद्धतिअनुसार स्थानमान तालिकामा प्रस्तुत गर्नुहोस् । Present the given number in the place value table according to the international system. [2A]

(घ) उक्त घर किन्न बैना रकम रु. 50485 दिए । 50485 लाई नजिकको हजारमा शून्यान्त गर्नुहोस् । To buy a house, Rs. 50485 is given in advance. Round off 50485 to the nearest thousand. [1A]

4. रिमाले गणित विषयको 20 पूर्णाङ्कको परीक्षामा 13 र सुनिताले गणित विषयको 100 पूर्णाङ्कको परीक्षामा 64 अङ्क प्राप्त गरेछन् । In a test of Mathematics, Rima obtained 13 marks in 20 full marks and Sunita obtained 64 marks in 100 full marks.

(क) रिमाले प्राप्त गरेको प्राप्ताङ्कलाई भिन्नमा लेख्नुहोस् । Write the marks obtained by Rima in fraction. [1K]

(ख) सुनिताले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतमा लेख्नुहोस् । Write the marks obtained by Sunita in percentage. [1K]

(ग) रिमा र सुनितामध्ये कसले कति बढी अङ्क प्राप्त गरेछन्, पत्ता लगाउनुहोस् । Among Rima and Sunita, who obtained more marks and by how much? Find it. [2HA]

5. नवीन विदेशबाट आउँदा एउटा प्याकेटमा 30 ओटा चकलेट भएको 5 प्याकेट चकलेट र थप 8 ओटा चकलेट किनेर ल्याएछन् । उक्त चकलेटबाट उनले 39 ओटा चकलेट आफन्तहरूलाई बाँडेछन् । When Nabin came from abroad, he bought 5 packets of chocolates containing 30 chocolates in each packet and 8 more chocolates. From these chocolates he distributed 39 chocolates to his relatives.

(क) माथिको समस्यालाई गणितीय वाक्यमा लेख्नुहोस् । Write the above problems into mathematical sentence. [1U]

(ख) नवीनसँग अब कतिओटा चकलेट बाँकी रहन्छन्, पत्ता लगाउनुहोस् । How many chocolates are left with Nabin? Find it. [2A]

(ग) आफन्तलाई बाँडेको चकलेटको सङ्ख्या 39 रूढ वा संयुक्त सङ्ख्या के हो, कारणसहित लेख्नुहोस् । The number of chocolates distributed to the relatives is '39'. Is it prime or composite number? write with reasons. [2U]


6. सरिता घरायसी सामान किन्न होलसेल पसलमा गइन् । उनले $5\frac{1}{2}$ कि.ग्रा. मुगी र 2.5 कि.ग्रा. मुसुरो किनिन् । Sarita had gone to buy household goods in a wholesale shop. She bought $5\frac{1}{2}$ kg Mungi and 2.5 kg Musuro.

Curriculum Development centre

(क) 2.5 लाई मिश्रित सङ्ख्यामा रूपान्तरण गर्नुहोस् । Convert 2.5 into mixed number. [2A]

(ख) मुगी, मुसुरो र मास मिसाएर जम्मा $10\frac{1}{2}$ कि.ग्रा. दाल बनाउने हो भने उनले कति कि.ग्रा. मास किन्नुपर्ला ? If she has to make $10\frac{1}{2}$ kg of dal (lentil) by mixing Mugi, Musuro and Mas, how many kgs of Mas should she buy? [2HA]

7. रञ्जिता आफ्नो भान्जाको बिहेमा सामेल हुन बाग्लुङबाट पोखरा हुँदै चितवन जान बिहान 8 बजे बाग्लुङबाट बस चढिन् । उनी बाग्लुङदेखि 239 कि.मि. को दुरीमा रहेको चितवनको सौराहा दिउँसो 2:42 बजे पुगिन् । Ranjita boarded a bus from Baglung at 8 am to go to Chitwan via Pokhara to attend her nephew's wedding. She reached Sauraha of Chitwan which is 239 km from Baglung at 2:42 pm.




(क) उनलाई सौराहा पुग्न लागेको समय पत्ता लगाउन उनी हिडेको र पुगेको समयबीच गणितको कुन आधारभूत क्रिया गर्नुपर्छ ?

Which basic operation of Mathematics should be used to find the time taken for her to reach Sauraha? [1U]

(ख) 24 घन्टे समयअनुसार कति बजे सौराहा पुगेकी रहिछन् ?

According to 24 hours' time, at what time did she reach Sauraha? [1U]

(ग) बिहेमा आएका 18 जना पाहुनालाई 350 मि.लि. का दरले सर्बत दिइयो । अब उक्त भाँडामा 200 मि.लि. सर्बत बाँकी रह्यो भने जम्मा कति लिटर सर्बत बनाइएको रहेछ, पत्ता लगाउनुहोस् । 18 guests attending the wedding were given the sarbat (a juice) 350 ml each. If 200 ml sarbat remains in the vessel, how many liters sarbat was made in total? Find it. [2A]

(घ) एक जना व्यक्तिलाई कोट र पाइन्ट सिलाउन 3 मिटर 70 सेन्टिमिटर कपडा आवश्यक पर्ने रहेछ । यही दरमा 5 जनालाई कोट पाइन्ट सिलाउन कति कपडा आवश्यक पर्दछ, पत्ता लगाउनुहोस् । If 3 meter 70 centimeter of clothes is needed to sew a coat and pants for a person, how much clothes is need to sew coats and pants for 5 people? [2A]

8. एउटा किसानले 80 मिटर लम्बाइ र 35 मिटर चौडाइ भएको आयतकार खेतमा धान खेती लगाएका छन् । गाईवस्तुबाट जोगाउन उनले चारैतिर तीन फन्को तारबार लगाउन बजारबाट बराबर तौलका तीन बन्डल तार किनेर ल्याएछन् । A farmer is cultivating paddy in a rectangular field having 80 meter length and 35 meter breadth. He bought 3 bundles of wire of equal weight from the market to fence the field 3 rounds with the wire to protect it from cattle.



(क) लम्बाइ र चौडाइ दिएको अवस्थामा आयतको परिमिति पत्ता लगाउन के गर्नुपर्छ ?

When length and breadth of a rectangle are given, what should be done to find its perimeter? [1K]

Curriculum Development centre

(ख) तारको जम्मा तौल 2 क्विन्टल 55 किलोग्राम रहेछ भने एक बन्डल तारको तौल कति रहेछ, पत्ता लगाउनुहोस् । If the total weight of the wire is 2 quintal 55 kilogram, what is the weight of 1 bundle of wire? [1A]

(ग) तीनफन्को तारबार लगाउँदा किसानलाई 15 मिटर तार अपुग भयो भने किसानले जम्मा कति मिटर तार किनेका रहेछन् ? While fencing the field 3 rounds, the farmer was short of 15 meters wire, how many meters of wire did he purchase? [2HA]

9. मायाले हिमचुली खाद्य स्टोर्सबाट सामानहरू किन्ने गरेकी छिन् । उनले 2079 पुस 3 गते निम्नानुसारका सामान किनिछन् । Maya buys goods from Himchuli food store. She bought following good on 2079 poush 3.

| मूल्यसूची (Price list) | | |
|---|---|---|
| सामानको नाम (Particulars) | इकाइ (Unit) | दर (रु.) (Rate Rs.) |
| चामल (Rice) | बोरा (Sack) | 2000 |
| तेल (Oil) | लिटर (Liter) | 220 |
| चिनी (Sugar) | कि.ग्रा. (kg) | 95 |
| आटा (Flour) | कि.ग्रा. (kg) | 80 |
| दाल (Daal) | कि.ग्रा. (kg) | 200 |




**मायाले किनेको सामानको विवरण**

(Details of items bought by Maya)

चामल (Rice): एक बोरा (1 Sack)

तेल (Oil) : 5 लिटर (Liter)

(क) प्रतिइकाइ सबैभन्दा कम मूल्य कुन सामानको रहेछ ? Which items has the lowest per unit price? [1K]

(ख) हिमचुली खाद्य स्टोर्सले मायालाई दिने बिलको नमूना दिइएको छ । मायाले किनेको सामानका आधारमा उक्त बिल तयार पार्नुहोस् । The sample of the bill given by Himchuli food store to Maya is given below. Prepare a bill on the basis of the goods purchased by Maya. [2U]

Curriculum Development Centre

| हिमचुली खाद्य स्टोर्स | | | | |
|---|---|---|---|---|
| पान न. 105998932 | | | मिति : 2079/09/03 | |
| बिल न. 02313 | क्रेता : | | | |
| क्र. स. | सामानको नाम | परिमाण | दर | जम्मा रकम (रु.) |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |
| अक्षरेपि : | | | काजी शेर्पा<br>विक्रेता | |

(ग) माया रु. 5,000 लिएर पसल गएकी रहिछन् । बिलअनुसारको रकम तिरिसकेपछि रु. 1200 को फलफूल किन्नका लागि उनीसँग बाँकी रहेको रुपियाँले पुग्छ वा पुग्दैन ? पुग्दैन भने कति पुग्दैन, पत्ता लगाउनुहोस् । Maya has gone to the shop with Rs. 5,000. After paying the amount according to the bill, will the remaining amount be enough to buy fruits worth Rs. 1200 or not? If not, find out how much is not enough for her. [1HA]

10. सचिनले कथाका 12 ओटा, कविताका 14 ओटा, निबन्धका 10 ओटा र सामान्य ज्ञानका 8 ओटा पुस्तक आफू पढेको विद्यालयलाई दिएछन् । Sachin gave 12 books of stories, 14 books of poem, 10 books of essay, and 8 books of general knowledge to the school where he studied.

(क) सचिनले विद्यालयलाई दिएका पुस्तक सङ्ख्यालाई तालिकामा प्रस्तुत गर्नुहोस् । Present the number of books given by Sachin to the school in a table. [1A]

(ख) उक्त तथ्याङ्कबाट वर्गाङ्कित कागजमा स्तम्भ चित्र निर्माण गर्नुहोस् । (वर्गाङ्कित कागज दिनुपर्ने) Draw a bar graph from the given data in a square grid paper. (Square grid paper should be given) [1A]

11. जनता आधारभूत विद्यालयको आयतकार चउरको चौडाइ (4x + 36) मिटर छ । उक्त चउरको लम्बाइ चौडाइ भन्दा 10 मिटरले बढी छ भने, The breadth of rectangular ground of a 'Janta Basic School' is (4x + 36) meter. The length of the ground is 10 meter more than its breadth.

(क) $4x + 36$ कति पदीय अभिव्यञ्जक हो । How many terms are in the expression (4x + 36)? [1K]

(ख) उक्त चउरको लम्बाइलाई $x$ का रूपमा लेख्नुहोस् । Write the length of ground in terms of $x$. [1U]

Curriculum Development centre

(ग) उक्त चउरको परिमिति कति रहेछ, पत्ता लगाउनुहोस् । What is the perimeter of the ground? Find it. [1A]

(घ) यदि x =2 भए उक्त चउरको चौडाइ पत्ता लगाउनुहोस् । If x = 2, what is the breadth of the ground? [1U]

12. पेम्बासँग $x$ रुपियाँ छ । रामनरेशसँग पेम्बासँग भएको भन्दा 5 रुपियाँ बढी छ । उनीहरू दुवैसँग गरी जम्मा 35 रुपियाँ छ । Pemba has Rs. x. Ram Naresh has Rs. 5 more than Pemba. Both of them have Rs 35 in total.

(क) रामनरेशसँग भएको रकमलाई $x$ का रूपमा लेख्नुहोस् । Write the amount with Ram Naresh in terms of x. [1K]

(ख) उनीहरूसँग कति कति रुपियाँ रहेछ, पत्ता लगाउनुहोस् । How many rupees does each of them have? Find it. [2A]

(ग) पेम्बालाई उनका बुबाले कति रुपियाँ थपिदिने हो भने रामनरेशसँग भएको भन्दा दोब्बर हुन्छ ? How many rupees does his father have to give Pemba to make it twice as much as Ram Naresh has?

[1HA]

Curriculum Development centre